नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## सिओलमा आयोजित ७३औं सगरमाथा दिवस कार्यक्रमसम्बन्धी प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, सिओलले उम हङ् गिल ह्युमन फाउन्डेसनसँगको सहकार्यमा आज गणतन्त्र कोरियाको सिओलस्थित कोरिया प्रेस सेन्टरमा विशेष कार्यक्रम आयोजना गरी "सगरमाथा: नेपालको पहिचान र गौरव" भन्ने मूल नारासहित ७३औं सगरमाथा दिवस भव्य रूपमा मनाएको छ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै कार्यवाहक राजदूत श्री निर्मलप्रसाद भट्टराईले नेपाल भौगोलिक विविधता, सांस्कृतिक सम्पदा, अनुपम प्राकृतिक सौन्दर्य तथा नेपाली जनताको आतिथ्यका कारण विश्वमै उत्कृष्ट राष्ट्रको रूपमा रहेको उल्लेख गर्दै सहभागी सबैलाई कम्तीमा एक पटक नेपालको भ्रमण गरी नेपालका हिमाल, समृद्ध संस्कृति र नेपाली आतिथ्यको प्रत्यक्ष अनुभव लिन आग्रह गर्नुभयो।

उहाँले बढ्दो विश्वव्यापी तापक्रमका कारण हिमाली क्षेत्रमा हिउँको मात्रा घट्दै गएको, हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका र यसबाट हिमाली पारिस्थितिक प्रणालीमा गम्भीर असर परेको उल्लेख गर्दै हिमाली जैविक विविधता तथा वातावरण संरक्षण सम्पूर्ण मानव समुदायको साझा दायित्व भएको कुरामा जोड दिनुभयो। साथै, जलवायु परिवर्तनको प्रभाव कुनै एक राष्ट्र वा क्षेत्रमा मात्र सीमित नरही विश्वव्यापी चुनौतीका रूपमा देखिएको र यसको समाधानका लागि सामूहिक अन्तर्राष्ट्रिय पहलको आवश्यकता बोध गरी नेपाल सरकारले सन् २०२५ देखि जलवायु परिवर्तन, हिमाली पारिस्थितिक प्रणाली तथा दिगो विकाससँग सम्बन्धित विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय सरोकारका विषयमा साझा बहस र सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले "सगरमाथा संवाद" नामक बहुपक्षीय तथा अन्तर-क्षेत्रीय संवाद मञ्च स्थापना गरेको र यसको पहिलो संस्करण सफलतापूर्वक सम्पन्न गरेको जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल सरकारका माननीय परराष्ट्रमन्त्री श्री शिशिर खनालज्यूको विशेष भिडियो सन्देशसमेत प्रस्तुत गरिएको थियो। भिडियो सन्देशमार्फत माननीय परराष्ट्रमन्त्रीज्यूले सगरमाथा र नेपालका अन्य हिमालहरूको आरोहण गर्ने उपस्थित सबै कोरियाली पर्वतारोहीहरूलाई हार्दिक बधाई दिँदै पर्वतारोहीहरू, पर्यटन व्यवसायीहरू, पदयात्रीहरू र पर्यटकहरूलाई अनुपम प्रकृति, विविध संस्कृति, साहसिक यात्रा, तीर्थयात्रा, शान्ति र आरोग्यताजस्ता सबै प्रकारका पर्यटन गन्तव्यस्थलको रूपमा नेपाललाई अनुभव गर्न आमन्त्रित गर्नुभएको थियो।

सो अवसरमा लिङ्क एसिया ग्रुपका अध्यक्ष श्री आरपी देवकोटाले सगरमाथा तथा नेपालको अल्पाइन पर्यटनको सम्भावना र प्रवर्द्धनका विषयमा प्रस्तुतीकरण दिनुभएको थियो भने मेडिटक्स प्रा.लि.का वरिष्ठ अनुसन्धान वैज्ञानिक डा. देवी बहादुर बस्नेतले नेपालको हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको प्रभाव, त्यसबाट सिर्जित चुनौती तथा आवश्यक नीतिगत व्यवस्थाबारे आफ्नो प्रस्तुति राख्नुभएको थियो।

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]

कार्यक्रममा विशेष मन्तव्य राख्दै युनियन अफ एसियन अल्पाइन एसोसिएसन तथा कोरिया-नेपाल फ्रेन्डसिप एसोसिएसनका अध्यक्ष डा. लि इन जोङ्गले नेपालमा पर्यटन विकासको पर्याप्त सम्भावना रहेको र यस क्षेत्रको दिगो विकासका लागि नेपालका प्राकृतिक एवम् सांस्कृति सम्पदाको संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो। त्यसैगरी, सगरमाथा आरोही श्री सन-उ नामले सगरमाथा आरोहणका आफ्ना अनुभवहरू सहभागीहरूसँग साझा गर्नुका साथै आरोहणका क्रममा आफूले सङ्कलन गरेका मनमोहक दृश्यसहितका तस्बिरहरू प्रदर्शन गर्नुभएको थियो।

कार्यक्रममा सगरमाथा तथा नेपालको पर्यटन प्रवर्द्धनसम्बन्धी भिडियो प्रदर्शन गरिएको थियो भने नेपाली कलाकारहरूद्वारा विविध सांस्कृतिक नृत्यसमेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा युनियन अफ एसियन अल्पाइन एसोसिएसन तथा कोरिया-नेपाल फ्रेन्डसिप एसोसिएसनका पदाधिकारीहरू, उम हङ् गिल ह्युमन फाउन्डेसनका पदाधिकारीहरू, कोरियाली सगरमाथा आरोहीहरू, नेपालप्रेमी कोरियाली नागरिकहरू, पर्यटन व्यवसायीहरू, कोरियन तथा नेपाली सञ्चारकर्मीहरू, प्राज्ञिक व्यक्तित्वहरू तथा नेपाली डायस्पोराका सदस्यहरूसहित करिब ११५ जनाको सहभागिता रहेको थियो।

वि. सं. २०८३ साल जेठ १५ गते (२९ मे २०२६), शुक्रबार
सिओल, गणतन्त्र कोरिया

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]